CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #९८

१८ ।११ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## दोस्रो प्राथमिकतामा खोप दिइने लक्षित समुह



५५ वर्ष उमेर माथिका सबै नागरिकहरु




विश्व विद्यालयका प्राध्यापक, शिक्षक तथा कर्मचारीहरु



सार्वजनिक यातायातका चालक तथा सहचालकहरु

**खोप दिने अवधी**

*२०७७ फागुन २३ गते देखी चैत्र १५ गते सम्म*



स्रोत: https://www.mofaga.gov.np/news-notice/2284

## नेपाल अपडेट



जिविकोपार्जनका लागि अटो चलाउँदै धनगढीकी एक महिला

तस्विर: आयुश यगोल श्रेष्ठ

**परिक्षण**


पिसिआर परिक्षण: २१,६५,९८५

पोजेटिभ: २,७४,२१६

उपचाररत: ९६८

मृत्यु : २७७७

सन्चो भएका : २,७०,४७१




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



कोभिड - १९ को पिसिआर परीक्षण गर्ने प्रयोगशालाकै कारण संक्रमितले बीमा रकम पाएनन् रे नि त ?

प्रयोगशालाको निम्न त्रुटीका कारण बीमा दावी भुक्तानीका लागि अयोग्य भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ:

१. कोभिड - १९ को परीक्षण अनुमती पाएका प्रयोगशालाले नमुना परीक्षण गरी तोकिएको ढाँचामा २४ घण्टा भित्र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला लगायतका निकायमा पठाउनु पर्ने सो नगरेको पाईएकोले ।

२. केही व्यक्तिको विवरण परीक्षण गरिएको मितिभन्दा अगाडीको मितिमा नै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा रिपोर्टिङ भएको पाइएकोले ।


स्रोत: https://cutt.ly/ZlKB2PP



अहिले सरकारले हरेक गाउँमा एउटा उद्योग सञ्चालन गर्ने भनेको छ । खै हाम्रो तिर त केही छैन त ?

हरेक गाउँ भन्दा पनि, प्रत्येक स्थानीय तहमा एक औद्योगिक गाउँ सञ्चालन गर्ने नीति ल्याएको छ । यसै अन्तरगत ४५ स्थानीय तहहरुमा औद्योगिक ग्राम घोषणा भई विकास निर्माणको चरणमा रहेकाछन् । आर्थिक वर्ष २०७७/७८ मा १३० स्थानीय तहहरुमा औद्योगिक ग्राम घोषणा गर्ने र विस्तारै ७५३ वटै स्थानीय तहमा यो कार्यक्रम लागु गर्दै जाने सरकारको योजना रहेको छ ।

स्रोत: https://cutt.ly/Ok1MUWv



कोभिडका कारण उद्योग कलकारखानामा काम गर्ने आधा भन्दा बढी कामदारले रोजगारी गुमाए भनिन्छ । यसको कुनै तथ्यांक छैन ?

उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले गरेको अध्ययन अनुसार साना, मझौला तथा ठुला उद्योगमा काम गर्ने २२.५ प्रतिशत श्रमिकले रोजगारी गुमाएको देखाएको छ । त्यसमध्ये पनि तुलनात्मक रुपमा लघु, घरेलु तथा साना उद्योगहरुले बढी मात्रामा श्रमिकको कटौती गरेको देखाएको छ ।

स्रोत: http://moics.gov.np/public/uploads/shares/news_notice/Covid-19%20Study%20%20(final).pdf



सरकारका तिन वटै तहको लागत साझेदारीमा निर्माण भएका सडकहरु भत्किए पश्चात स्थानीय तह स्रोत अभाव भयो भनेर पन्छिने गर्दछ ? के या प्रदेश वा संघिय सरकारको जिम्मेवारी हो ?

सरकारले हरेक स्थानीय तहलाई प्रदेश राजधानीसँग जोड्ने उद्देश्यले प्रादेशिक एवम् स्थानीय सडक सुधार कार्यक्रम लागु गरेको छ । सडक निर्माणको लागि लम्बाईको आधारमा संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लागत साझेदारी गर्ने भने पनि निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडकको मर्मत सम्भार गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने भनेर प्रष्ट उल्लेख गरिएको छ ।

स्रोत: https://mofaga.gov.np/uploads/notices/Notices-20210106143654235.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,७७,३८३ संक्रमित | १,९०,८५२ संक्रमित | १२२,३९४ संक्रमित | १,६३,६६४ संक्रमित | ३,९१,५२४ संक्रमित | १,४१,४९६ संक्रमित | ३००,७२५ संक्रमित | ९०,०३१ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## यूएईमा अनलाईबाटै राहदानी नविकरण तथा नयाँ राहदानी बनाउन सकिने

**कुवेत:**

- आप्रवासीहरुलाई २० मार्च, २०२१ सम्म कुवेत आउन बन्देज गरिएको छ । यसै कारण ३ हजार भन्दा बढी ट्रान्जिट यात्रीहरु यूएईमै अड्किएका छन् ।
- रेस्टुरेन्टहरूले टेकअवे र डेलिभरी मात्र गर्न पाउने भएकाछन् । डाइनिङ सेवा अर्को सूचना नभए सम्मका लागि बन्द भएको छ ।
- कोरोना कहर पछी उडानहरु प्रभावित छन् र आप्रवासीहरुलाई पनि सहज रूपमा कुवेत प्रवेशमा रोक लगाइएको अवस्थामा ७ फेब्रुअरी पछी भएका ४८ उडानबाट १,४४२ यात्रि कुवेत आएका छन् । आउनेमा ९८९ कुवेती नागरिक र ४५३ घरेलु कामदारहरु रहेका छन् ।

**यूएई:**

- यूएईमा म्याद सकिएका टुरिष्ट भिषालाई मार्च ३१ सम्म थप गरीएको छ ।
- दुबई मेट्रो प्रयोग गर्दै हुनुहुन्छ भने ३० मिनेट पहिले नै पुग्न सूचना जारी गरिएको छ ।
- कोभिड-१९ का कारण सुरक्षाको दृष्टिकोणले रास अल खैमामा आफ्नो लाईसेन्स रिन्यू गर्दै हुनुहुन्छ भने एप्लिकेसन अनलाईनबाट मात्रै एप्लाई गर्न पाईने भएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**

रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**

रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**

रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**

रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**

रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

# फ्रन्टलाईनर्स भोईसेस



## दिपक सुबार

अ.हे.व., धनगढी उप-महानगरपालिका, कैलाली

"सुरुमा धनगढी उप-महानगरपालिका सुदुरपश्चिमको नाका खोल्ने म नै हुँ । त्यतिखेरको अवस्था एकदमै डरलाग्दो थियो, बाटोमा कोहि पनि देखिदैन थिए । मान्छेहरु एक अर्कासँग डराउने गर्दथे । नेपाल प्रवेश गरेकालाई सम्बन्धित जिल्लासँग समन्नवय गरेर सो जिल्लामा पठायौं । उप-महानगरपालिकाले पनि राम्रो व्यवस्था गरेको थियो । स्वास्थ्यकर्मीलाई पिपिइको सामानहरु सबै नै उपलब्ध थियो । त्यसबेला काम गर्न सहजहोस भनेर नजिकै कोठा लिएर बसेको थिएँ । तर, घरमालिकले मलाई कोठाबाट निकाले । अहिले त सबै सहज नै छ । सबैले यसको बारेमा बुझेका छन्।"

## सुमन गिरी श्रेष्ठ

नर्सिङ अधिकृत, नेपालगञ्ज मेडिकल कलेज, बाँके



"कोभिडको उच्च प्रकोको समयमा म सानो बच्चालाई घरमा छोडेर नागरिकहरुको सेवा गर्न जान्थे । मबाट अरुलाई कारोना सर्छ कि भन्ने डर त लाग्थ्यो तर, डर छ भनेर हामी स्वास्थ्यकर्मी नै काममा गएनौ भने नागरिकको सेवा कसले गरिदिन्छ भन्ने सोचले धेरै जोखिम मोलेर पनि मैले त्यो समयमा काम गरेँ । अहिले कोरोना बिरुद्धको खोप पनि बनिसकेको छ । हामी सबैले कोरोना बिरुद्धको खोपको पहिलो डोज लगाइसकेका छौँ । अस्पतालमा काम गर्ने मानिसलाई सधै जोखिम हुन्छ । हामीले सधै होसियार, सुरक्षित भएर काम गर्नुपर्छ । अहिले कोरोना महामारी कम भएपनि हामी सावधानीका उपायहरु अपनाइरहेका छौँ ।"



## सिम्रन शाही ठकुरी

स्टाफ नर्स, एच.सि.आर.सि हस्पिटल, नेपालगञ्ज, बाँके

"कसैले कल्पना समेत नगरेको कुरा हामीले सामना गर्नुपर्दा धेरै चुनौतिहरु आए । हरेक चुनौतिलाई सामना गरेर हामी कोरोनालाई पराजित गर्न सफल भयौं । बिरामीहरुले यस्तो महामारीको समयमा त अस्पताल पनि बन्द होला भन्ने सोच्ने रहेछन् । तर, उनिहरुको सेवामा रातदिन खटिएको देख्दा हाम्रो कामको कदर गर्दथे । यसले हामीलाई काम गर्न थप उर्जा, प्रोत्साहन र सन्तुष्टि मिल्दथ्यो । अहिले कारोना विरुद्धको खोप आईसकेको छ । यसले सबैलाई उत्साहित बनाएको छ ।"



## रेडियो कार्यक्रम पद्धती
### संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईंले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs